"मेरो सपनाको जन्तेढुङ्गा"

# जन्तेढुङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिसापानी, खोटाङ
कोशी प्रदेश, नेपाल

https://jantedhungamun.gov.np
info@jantedhungamun.gov.np
jantedhungarmo@gmail.com

प. सं. २०८२/०८३
च.नं. १०२९

मितिः-२०८२/१२/०८
ने.सं. ११४६ चौलाथ्व चतुर्थी, आइतबार

**विषयः- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री यो जो जससँग सम्बन्धित छ ।**

खोटाङ जिल्ला जन्तेढुङ्गा गाउँपालिका अन्तर्गत श्री सिंहदेवी माध्यमिक विद्यालय, जन्तेढुङ्गा वडा नं.-२, बोपुङमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं ६७, मिति २०८२/११/१२ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः-**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल: singhadeviss12@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

३. थप जानकारीको लागि प्रधानाध्यापक (९८४३३३०७४०) को मोबाईल नम्बरमा सम्पर्क गर्न सकिनेछ ।

**बोधार्थः-**

श्री शिक्षा विकास तथा समन्वय इकाई, दिक्तेल, खोटाङ ।
श्री सिंहदेवी माध्यमिक विद्यालय, जन्तेढुङ्गा वडा नं.- २, बोपुङ

सुमन गुरागाई
प्रमुख प्रशासकीय अधिकृत
सुमन गुरागाई
प्रमुख प्रशासकीय अधिकृत